सर्वोच्च अदालत
काठमाडौं

# सर्वोच्च अदालतबाट जारी प्रेस विज्ञप्ती

कोरोना भाइरसको नयाँ भेरियन्ट विश्वव्यापीरूपमा फैलिरहेको र नेपालमा पनि त्यसको संक्रमण तीव्रगतिमा बढिरहेको सन्दर्भमा त्यसको रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारबाट विभिन्न मितिमा जनस्वास्थ्यसम्बन्धी विभिन्न मापदण्डसहितको आदेश जारी गरेको अवस्था एवं नेपाल सरकारका सम्बद्ध निकायहरूबाट जारी भएका सूचनासमेतका आधारमा अदालतहरूबाट सम्पादन हुने कामकारवाही तथा प्रवाह हुने सेवाका सम्बन्धमा मिति २०७८ वैशाख ३१ गते बसेको सर्वोच्च अदालतको पूर्ण बैठकबाट देहायबमोजिम निर्णय भएको बेहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

(१) सर्वोच्च अदालतबाट सम्पादन हुने कामकारवाही र सेवाप्रवाहका सम्बन्धमा मिति २०७८।०१।१४ मा पूर्ण बैठकबाट भएको निर्णयानुसार सूचारू गरिएका कामकारवाही र सेवाका अतिरिक्त देहायबमोजिमका कामकारवाही मिति २०७८।०२।१३ गतेसम्म सूचारू गर्ने।

(क) संवैधानिक व्याख्या, मौलिक हकसँग सम्बन्धित संवेदनशील विषय एवं सार्वजनिक सरोकारको प्रश्न निहित भएका नेपालको संविधानको धारा १३३ र १३७ अन्तर्गत पर्न आउने जरूरी प्रकृतिका रिट निवेदनको दर्ता र सुनुवाईसम्बन्धी कामकारवाही।

(ख) नेपाल सरकार वादी भई चलेका थुनुवा मुद्दाको पुनरावेदन फिर्ता एवं प्रचलित कानूनबमोजिम मिलापत्र हुनसक्ने सरकारवादी फौज्दारी मुद्दाको मिलापत्रसम्बन्धी कामकारवाही।

(२) संक्रमणको जोखिम न्यूनिकरण गर्दै सेवा सूचारू राख्नको लागि सर्वोच्च अदालतमा सुनुवाई गरिने मुद्दाको वहसपैरवी सूचना प्रविधिको प्रयोग गरी भर्चुअल विधिबाट संचालन गर्न प्रशासनले आवश्यक व्यवस्था मिलाउने।

(३) उच्च अदालत, जिल्ला अदालत, अन्य अदालत र न्यायाधिकरणहरूले सेवाप्रवाह गर्ने सम्बन्धमा र हदम्याद, म्याद र तारेखका सम्बन्धमा मिति २०७८।०१।१४ को पूर्ण बैठकको निर्णयानुसार हुने।

देवेन्द्र ढकाल
सहप्रवक्ता

मिति : २०७८।०१।३१